मिति २०७५/०७/२० वैठक संख्याः २९

आज मिति २०७५/०७/२० गतेका दिन यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

**उपस्थितीः**

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

**कर्मचारी उपस्थितीः**

१) श्री बुद्धि प्रसाद भुसाल

देवघाट गाउँ कार्यपालिका

बैठक संख्या २९,                    मितिः २०७५।०७।२०

<u>प्रस्तावहरु</u>

१) समीक्षा , वडा नं. ३ का अध्यक्षको स्वास्थ्य लाभको कामना

२) गाउँ कार्यपालिका ( कार्य विभाजन ) नियमावली, २०७४ संशोधन

३) शिक्षा नियमावली, २०७५

४) ढुङ्गा, गिटी, वालुवाको वोलपत्र

५) अस्पतालको दरवन्दी स्विकृत

६) विषादी मुक्त ( अर्गानिक ) कृषि गाउँपालिका घोषणा

७) समुदाय प्रहरी गठन साझेदारी कार्यक्रम

८) वडा नं. २, ४, ५ पूर्ण सरसफाई वडा घोषणा

९) घ वर्ग निर्माण ईजाजत पत्र ।

१०) MRC को प्रस्ताव

<u>निर्णयहरु</u>

१) वडा नं. ३ का अध्यक्ष मोटरसाईकल दुर्घटनामा परि स्वास्थ्य उपचारमा रहनु भएकोले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

२) गाउँ कार्यपालिका ( कार्य विभाजन ) नियमावली, २०७४ संशोधन संशोधन गरियो ।

३) शिक्षा नियमावली, २०७५ स्विकृत गरियो ।

४) न्यूनतम रकम रु. ५०२७४००। रहेको देवघाट गाउँपालिकाको आ.व. २०७५।०७६ को ठेक्का नं. ३ सेतीभतेरी र साढेवगरघाटवाट ढुङ्गा, गिटी, वालुवाको उत्खनन् तथा बिक्री कार्यका लागी वोलपत्र दाता आश्रित निर्माण सेवाले पेश गरेको रु. २०७०८३३३।३३ को वोलपत्र स्विकृत भएकोमा उक्त फर्म ठेक्का सम्झौता गर्न असमर्थ रहेको जनाउ सहितको लिखित सुचना यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गरेको । दोस्रो पटक सूचना प्रकाशन गर्दा लामो समय लाग्ने र उत्खननको समय छोटो हुने भएकोले दोस्रो वोलपत्रदाता ( निकटतम प्रतिस्पर्धी सुमी स्यारोन कन्स्ट्रक्सन एण्ड सप्लायर्स देवघाट ) वाट प्रेशित कवोल अंक रु ५५०००००। संग आ.व. २०७५।०७६ को ठेक्का नं. ३ सेतीभतेरी र साढेवगरघाटवाट ढुङ्गा, गिटी, वालुवाको उत्खनन् तथा बिक्री कार्यका लागी सम्झौता गर्ने निर्णय गरियो ।

५) गाउँपालिका धर्मार्थ अस्पतालको दरवन्दी स्विकृत हुन ढिला भएको , सेवा सुचारु राख्न जनशक्ति पनि आवश्यक भएकोले दरवन्दी स्विकृत भई नआउँदा सम्म गाउँपालिकाको श्रोतवाटनै खर्च व्यहोर्ने गरी गलेश्वर धर्मार्थ अस्पतालवाट हस्तान्तरण भई आएका जनशक्तिलाई मितिः २०७५।०७।०१ गते देखि लागु हुने गरी करारमा अस्पताल संचालनको लागी काममा लगाउने निर्णय गरियो ।

६) देवघाट गाउँपालिकालाई आगामी आ.व. २०७७।०७८ वर्ष भित्रमा विषादी मुक्त ( अर्गानिक ) कृषि गाउँपालिका घोषणा गर्ने निर्णय गरियो ।

७) समुदाय प्रहरी गठन साझेदारी कार्यक्रमलाई प्रभावकारी वनाउने निर्णय गरियो ।

८) वडा नं. २, ४, ५ लाई पूर्ण सरसफाई वडा घोषणा गर्न तयारी प्रक्रियालाई तिव्र वनाउने निर्णय गरियो ।

९) देवघाट ५ का प्रो. अर्जुन अविधकारीले दिएको निवेदन अनुसार सुमी स्यारोन कन्स्ट्रक्सन नामको घ वर्ग निर्माण ईजाजत पत्र दिने निर्णय गरियो ।

१०) बहुआयामिक स्रोत केन्द्र लेपाल ( MRC ) ले हाल सम्म गै.स.स. को क्षेत्रवाट प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्दै आएको छ । हाल MRC ले मोडल कृषि प्रणाली प्रवर्द्दनको अवधारणमा पेश गरेको दिगो जीविकोपार्जन उत्थानका लागी कृषिजन्य आय आर्जन प्रवर्द्दन कार्यक्रमको प्रस्ताव स्विकृत गर्ने निर्णय गरियो ।